# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३) पोखरा, कार्तिक १८ गते, २०७७ साल (अतिरिक्ताङ्क १५

## भाग ३

### प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालयको सूचना

### प्रदेश श्रम सल्लाहकार परिषद् गठन सम्बन्धी कार्यविधि,२०७७

**प्रस्तावना:** श्रम सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनको लागि सहजीकरण गर्न तथा प्रदेश तहमा श्रम क्षेत्रमा गर्नुपर्ने सुधारको कामलाई व्यवस्थित गर्न प्रदेश श्रम सल्लाहकार परिषद्को गठन गर्न वाञ्छनीय भएकाले,

श्रम ऐन,२०७४ को दफा १०५क. ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

परिच्छेद- १

**प्रारम्भिक**

१. **संक्षिप्त नामः** (१) यो कार्यविधिको नाम "प्रदेश श्रम सल्लाहकार परिषद् गठन सम्बन्धी कार्यविधि,२०७७" रहेको छ।

(२) यो कार्यविधि गण्डकी प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(ख) “मन्त्री” भन्नाले सामाजिक विकास मन्त्रीलाई सम्झनु पर्छ।

(ग) “परिषद्” भन्नाले यस कार्यविधिको दफा ३ अनुसार गठित प्रदेश श्रम सल्लाहकार परिषद्लाई सम्झनु पर्छ।

(घ) “मन्त्रालयका सचिव” भन्नाले सामाजिक विकास मन्त्रालयका सचिवलाई सम्झनु पर्छ।

(ङ) “रोजगारदाता” भन्नाले श्रमिकलाई काममा लगाउने व्यक्ति वा प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले प्रतिष्ठानको हकमा व्यवस्थापकलाई र श्रम सम्बन्धी कानून बमोजिम आपूर्ति गरिएको श्रमिकको हकमा श्रमिक आपूर्तिकर्तालाई समेत जनाउँछ ।

परिच्छेद - २

**प्रदेश श्रम सल्लाहकार परिषद् गठन तथा काम, कर्तव्य र अधिकार**

३. **प्रदेश श्रम सल्लाहकार परिषद्को गठनः** (१) श्रम सम्बन्धी विषयमा प्रदेश सरकारलाई परामर्श दिन देहाय बमोजिमको एक प्रदेश स्तरीय श्रम सल्लाहकार परिषद् गठन हुनेछ :-

(क) सामाजिक विकास मन्त्री – अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय –सदस्य

(घ) सचिव, सामाजिक विकास मन्त्रालय –सदस्य

(ङ) सचिव, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय –सदस्य

(च) प्रदेश नीति तथा योजना आयोगको सदस्य (श्रम सम्बन्धी विषय हेर्ने) –सदस्य

(छ) रोजगारदाताहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित दुई जना –सदस्य

(ज) प्रदेशस्तरको ट्रेड युनियन महासङ्घहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित तीन जना –सदस्य

(झ) मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख —सचिव

(२) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरुलाई पुनः मनोनयन गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिम प्रतिनिधि मनोनयन गर्दा रोजगारदाताको हकमा प्रदेशस्तरीय रोजगारदाताहरुको सङ्गठन र ट्रेड युनियनको हकमा प्रदेशस्तरीय संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको सिफारिसमा मन्त्रालयले मनोनयन गर्नेछ ।

(४) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यले आफ्नो अनुपस्थितिमा परिषद्को बैठकमा भाग लिन वैकल्पिक सदस्य मनोनयन गर्न सक्ने छन् ।

४. **परिषद्को काम, कर्तव्य र अधिकार :** (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेशस्तरीय श्रम नीति तर्जुमा एवं सुधारका सम्बन्धमा प्रदेश सरकारलाई राय सुझाव प्रदान गर्ने,

(ख) श्रम सम्बन्धी कानून सुधारको विषयमा प्रदेश सरकारलाई राय सुझाव दिने,

(ग) व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रदेशस्तरीय मापदण्ड तयार गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(घ) उचित श्रम अभ्यास सम्बन्धी संहिता तयार गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ङ) व्यावसायिक तालिम तथा शिल्प प्रशिक्षण (एप्रेन्टिस) तालिम सम्बन्धी नीति निर्धारण गर्न प्रदेश सरकारलाई राय सुझाव दिने,

(च) औद्योगिक शान्ति तथा असल औद्योगिक सम्बन्ध कायम गर्न र श्रम विवाद न्यूनीकरण गर्न प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने,

(छ) रोजगारी तथा उत्पादकत्व वृद्धि गर्न प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने,

(ज) प्रदेशमा सामूहिक सौदाबाजी सम्बन्धी निर्देशिका तर्जुमा एवं कार्यान्वयनका लागि राय सुझाव दिने,

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) परिषद्ले आफनो कार्य सम्पादन गर्न आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठन भएको समिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति गठन गर्दाका बखत परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

(४) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ ।

५. <u>परिषद्को सदस्यको पद रिक्त हुने :</u> (१) दफा ३ को उपदफा (१) को खण्ड (छ) वा (ज) बमोजिमका सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) अध्यक्ष मार्फत मन्त्रालय समक्ष लिखित रुपमा राजीनामा दिएमा,

(ख) विना सूचना लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(ग) कार्यकाल समाप्त भएमा, वा

(घ) मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम परिषद्को सदस्यलाई पदमुक्त गर्नु अघि निजलाई सफाइको मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद्को कुनै सदस्यको पद रिक्त भएमा त्यस्तो पदमा अर्को व्यक्तिलाई सदस्य मनोनयन गर्दा जुन क्षेत्र र प्रक्रियाबाट त्यस्तो सदस्य मनोनयन गरिएको हो सोही क्षेत्र र प्रक्रियाबाट बाँकी कार्यकालका लागि मनोनयन गर्नु पर्नेछ ।

६. **परिषद्को बैठक सम्बन्धी व्यवस्था** : (१) परिषद्को बैठक आवश्यकता अनुसार परिषद्को अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ तर दुईवटा बैठक बीचको फरक तीन महिनाभन्दा बढी हुने छैन ।

(२) परिषद्को कुल सदस्य सङ्ख्याको एक चौथाई सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले पन्ध्र दिनभित्र परिषद्को बैठक बोलाउनु पर्नेछ ।

(३) परिषद्को बैठक बस्ने समय भन्दा कम्तीमा चौबीस घण्टा अघि परिषद्को सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना परिषद्का सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनको प्रतिनिधित्व हुने गरी परिषद्का कुल सदस्य सङ्ख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गण पूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयको सचिवले बैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा श्रम सम्बन्धी विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) परिषद्को निर्णय सर्वसम्मतिको आधारमा गरिनेछ ।

(८) उपदफा (७) बमोजिम सर्वसम्मति कायम हुन नसकेमा प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनका प्रतिनिधि समेतको उपस्थितिमा परिषद्का सदस्यहरुको बहुमतबाट निर्णय हुनेछ ।

(९) परिषद्को बैठकको निर्णय परिषद्को अध्यक्षबाट प्रमाणित गराई अभिलेख राख्नु पर्नेछ ।

(१०) परिषद्का सदस्यहरुले प्रदेश सरकारले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

(११) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद - ३

## विविध

७. **वार्षिक प्रतिवेदन पेश गर्ने:** परिषद्ले आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र आफ्नो वार्षिक कार्यसम्पादन प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

८. **निर्देशन दिने:** प्रदेश सरकारले परिषद्को काम कारवाहीका सम्बन्धमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

९. **बाधा अड्काउ फुकाउने अधिकार :** यो कार्यविधिको कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ ।

१०. **कार्यविधिमा संशोधन वा हेरफेर:** प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन वा हेरफेर गर्न सक्नेछ ।

प्रमाणीकरण मितिः२०७७।०७।१८

आज्ञाले,
डा. राम प्रसाद घिमिरे
प्रदेश सरकारको सचिव

**मुद्रक** : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश। मूल्य रु १०।-